## ६९ औं कार्यपालिका बैठकका निर्णयहरु (मिति २०८३।०५।१७)

प्रस्ताव नं.१- चालु आ.व. २०८३।०८४ को वजेट अख्तियारी सम्बन्धमा ।

निर्णय नं.१- प्रस्ताव नं १ माथी छलफल गर्दा मिति २०८२ साल माघ ५ गते तत्कालिन नगरप्रमुख रामलाल डगौरा थारुको राजिनामा स्वीकृत भएको तथा नगर उपप्रमुखको पद कारणवस रिक्त रहेको अवस्थामा मिति २०८२ साल फागुन ८ गते कार्यपालिकाका बहुमत सदस्यहरुवाट कार्यपालिका बैठक आव्हानको लागि माग भई आएकोमा मिति २०८२ साल फागुन ९ गते को ६२ औ कार्यपालिका बैठकवाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११६ को (१) बमोजिम कार्यपालिकाको जेष्ठ सदस्यको हैसियतले बहुमतको निर्णय बमोजिम राम बहादुर नगार्जी लाई कार्यवाहक नगरप्रमुखको रुपमा चयन गरिएको तथा मिति २०८३ जेष्ठ १३ गते बहुमत कार्यपालिका सदस्यहरु (दश जना) को हस्ताक्षर सहित कार्यवाहक नगरप्रमुख हेरफेर सम्वन्धमा निवेदन पेश भई मिति २०८३ साल जेष्ठ १४ गतेको वैठक बाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११६ को (१) बमोजिम तत्कालिन कार्यवाहक नगरप्रमुख राम वहादुर नगार्जीलाई विदाई गरि वडा नं ६ का वडा अध्यक्ष वलिराम चौधरीलाई कार्यवाहक नगरप्रमुख चयन गरिएकोले मिति २०८३ साल जेष्ठ १४ को निर्णयका विरुद्व तत्कालिन कार्यवाहक नगरप्रमुख राम वहादुर नगार्जी द्वारा सम्मानित सर्वोच्च अदालतमा मुद्दा दायर भई मिति २०८३ साल जेष्ठ २७ गते उक्त निर्णय उपर अल्पकालिन अन्तरिम आदेश जारी भई मिति २०८३ साल जेष्ठ १४ गतेको टीकापुर नगरपालिकाको निर्णय कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनि विपक्षिको नाममा आदेश जारी भएको साथै मिति २०८३ साल असार १० गते नगरसभाका ३५ जना सदस्यहरुवाट लिखित हस्ताक्षर सहित १९ औ नगरसभा आव्हानका लागि नगरसभाका जेष्ठ सदस्य जयराम थारु समक्ष निवेदन पेश भई मिति २०८३ साल असार १७ गते नगरसभा आव्हान गरि आ.व. २०८३।०८४ को निति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक, तथा बजेट र कार्यक्रम पेश भई ३१ जना नरसभाका सदस्यको उपस्थितिमा निर्णय पारित भएको अवस्थामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ बमोजिम खर्च गर्ने अख्तियारी सम्बन्धमा सभा बाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने कानूनी व्यवस्था भएको तथा तत्कालिन कार्यवाहक नगरप्रमुखको अध्यक्षता विना १९ औ नगरसभा सम्पन्न भएको अवस्थामा उक्त आर्थिक अख्तियारी प्रदान गर्न कार्यपालिकाको वैठकवाट सर्वसम्मत रुपमा उक्त अधिकार कार्यवाहक नगरप्रमुख राम वहादुर नगार्जीलाई प्रदान गर्ने साथै उक्त निर्णयको जानकारी भूमी व्यवस्था,सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय धनगढी मा पत्राचार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११६(१) बमोजिम का.वा. नगर उप-प्रमुख चयन सम्वन्धमा ।

निर्णय नं.२- प्रस्ताव नं २ माथी छलफल गर्दा यस टीकापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा विगत लामो समयदेखि उक्त पद खालि रहेको अवस्थामा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११६(१) मा अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै निलम्वनमा परेमा वा कुनै कारणले दुवै पद रिक्त भएमा कार्यपालिकाका सदस्यहरुले आफूहरुमध्येवाट छनोट गरेको सदस्यले कार्यवाहक अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख भई काम गर्नेछ भनि व्यवस्था भएको तथा तत्कालिन नगर उपप्रमुखि

विरुद्धको मुद्दा विशेष अदालतबाट फैसला भई उक्त निर्णयका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा हाल विचाराधिन रहेको अवस्थामा कानूनी विषयमा थप परामर्श गरि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३- भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीको तिन पुस्ते विवरण जिल्ला भूमि समस्या समाधान समितिमा पठाउने सम्वन्धमा ।

निर्णय नं.३- प्रस्ताव नं ३ माथी छलफल गर्दा यस नगरपालिकाका भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीले आ-आफ्नो वडाहरुमा पेश गरेका आवेदन प्राप्त भएको निस्सा प्राप्त गरेका भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीहरुको सम्वन्धित वडा कार्यालयहरुबाट संकलन भएको विवरण,निवेदन तथा निजको परिवारको तिन पुस्ते विवरण, नागरिकता तथा अन्य उपलब्ध कागजातहरु आजका मितिले १५ दिन भित्र वडा कार्यालयवाट प्राप्त भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीहरुको नामावली सहितको विवरणलाई प्रचलित कानून तथा भूमि समस्या समाधान आयोगबाट जारी सम्वन्धित कार्यविधि। मापदण्ड बमोजिम आवश्यक अभिलेख तथा विवरणसँग भिडान गरी थप प्रमाणीकरणका लागि सम्वन्धित निकायमा पठाउन आवश्यक देखिएको हुँदा नेपाल राज्यभित्र अन्य कुनै स्थानमा जग्गा – जमिन रहेको। नरहेको सम्वन्धमा उपलब्ध सरकारी अभिलेख तथा सम्वन्धित निकायबाट प्राप्त विवरणसँग आवश्यक भिडान (Verification/Cross-cheak) गर्ने कार्यका लागि उक्त विवरण भूमि समस्या समाधान समिति कैलालीमा पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.४- घर निर्माण सम्पन्नको म्याद थप सम्वन्धमा ।

निर्णय नं.४- प्रस्ताव नं ४ माथी छलफल गर्दा मिति २०८२ साल भाद्र ३ गतेको कार्यपालिका निर्णय बमोजिम घर निर्माण सम्पन्न को म्याद २०८३ असार मसान्त सम्मको लागि राखिएकोमा यस अघि आ.व. २०८२।०८३ सम्म अभिलेखिकरण भएका र नक्सा पास भई निर्माण सम्पन्न भएका घरहरुको हकमा घर निर्माण सम्पन्न २०८४ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

कार्यवाहक नगर प्रमुख

प्रमाणित
२०८२।५।१६

प्रमुख प्रशासकीय अधिकृत